# नेपाल खाद्य सुरक्षा बुलेटिन

२०७२, अंक ४५

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

## मुख्य बुँदाहरु र बर्तमान अवस्थाको संक्षेप

**यस अंकले चैत्र २०७१ देखि आषाढ २०७२ को अवधिलाई समेटेको छ, जुन आर्थिक वर्ष २०७१/७२ को तेस्रो त्रैमासिक अवधि हो ।** यो बुलेटिन मुख्यत नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP) अन्तर्गत २०७२ आषाढ/श्रावणमा ७४ जिल्लामा (७५ मध्ये) भएको जिल्ला खाद्य सुरक्षा सञ्जालहरुको बैठकको नतिजामा आधारित छ । यस अवधिमा बैशाख १२ गते नेपालमा महाभूकम्प आयो र त्यसपछि पनि लगातार कम्पनहरु भए जस्ले खाद्य सुरक्षा तथा जीवनयापनमा उल्लेखनिय असर पारयो । यो बुलेटिनले भूकम्पको असर, खासगरी ज्येष्ठ महिना देखि आषाढ मसान्तसम्म देखिएको भिन्नता मनसुनी प्रभावका कारण भएका परिवर्तन र अन्य घटनाहरुले खाद्य सुरक्षामा पारेका असरहरु लाई समेटेको छ ।

यस अवधिमा:

- जिल्ला खाद्य सुरक्षा सञ्जालले सिन्धुपाल्चोक जिल्लाको १० गा.वि.स हरुलाई गम्भिर खाद्य असुरक्षित अवस्था (चरण ४) मा वर्गिकृत गरी अनुमानित २८,७०० मानिसहरु प्रभावित रहेको निर्णय गरयो । यो विशेष  गरी बैशाख १२ गतेको भूकम्प र त्यसपछि लगातारका कम्पन लगायत बैशाख २९ गतेको अर्को ठूलो झट्काले गर्दा सिर्जना भएको जनाइएको छ ।
- जिल्ला खाद्य सुरक्षा सञ्जालले अन्य ११ जिल्लाका २२४ गा.वि.स हरुलाई उच्चतम् खाद्य असुरक्षित अवस्था (चरण-३) मा वर्गिकृत गरेको छ , र जसमा अनुमानित ५००,३०० मानिसहरु प्रभावित भएका जनाइएको छ । जिल्ला खाद्य सुरक्षा सञ्जालले अन्य २३ जिल्लाका ३२९ गा.वि.स हरुलाई मध्यम स्तरिय खाद्य असुरक्षित (चरण-२) अवस्थामा र अन्य ३,३६० गा.वि.स हरु र नगरपालिकाहरुलाई न्यूनतम खाद्य असुरक्षित (चरण-१) अवस्थामा राखेको छ ।
- भूकम्प प्रभावित जिल्लाहरुको खाद्य सुरक्षा अवस्था ज्येष्ठ महिनाको तुलनामा हाल आएर सुधार भएको छ । त्यतिबेला जिल्ला खाद्य सुरक्षा सञ्जालको तदर्थ बैठकले ३७२ गा.वि.स हरुलाई उच्चतम खाद्य असुरक्षित (चरण-३) र गम्भिर खाद्य असुरक्षित (चरण-४) अवस्थामा राखेको थियो । खाद्य सुरक्षा अवस्थामा सुधार आउनुको मुख्य कारणमा मानवीय सहयोग, हिउँदे वाली (गहुँ र आलु), सुचारु बजारहरु र सडकको पँहुचको स्थिती रहेका छन् ।
- हिउँदे वाली (गँहु र जौ) भित्रयाइ सकिएको छ र कृषि विकास मन्त्रालयको अनुमान अनुसार २० लाख मे.ट. उत्पादन भएको छ जुन सामान्य अवस्थाको भन्दा १०.८६ प्रतिशत बृद्धि र ०७०/०७१ को तुलनामा ४.९५ प्रतिशत बृद्धि हो । भूकम्पको प्रभाव रहेता पनि ०७१/०७२ को हिउँदे वालीको उत्पादन हाल सम्मकै उच्च रहयो तर धान र मकै उत्पादन हुने जिल्लाहरुमा अपर्याप्त बर्षातका कारण २०७२ सालको बर्षे वालीको उत्पादन भने त्यति आशा लाग्दो देखिदैन ।
- नेपाल राष्ट्र बैंकका अनुसार, २०७२ आषाढमा उपभोक्ता मूल्य सूचकाङ्क ७.६ प्रतिशत रहेको पाइयो, जुन गत वर्ष सोही अवधिमा ८.१ प्रतिशत थियो । यसै गरी अन्न बाली उप समूह भने २०७२ आषाढमा १२.६ प्रतिशत रहेको पाइयो ।

## हालको खाद्य सुरक्षा अवस्था र पूर्वानुमान

| खाद्य सुरक्षा समूह (Cluster) | हालको अवधि: चैत्र ७१ असाढ ७२ | २०७१ मंसिर देखि फागन सम्मको परीवर्तन | पूर्वानुमान: साउन-कार्तिक २०७२ |
|---|---|---|---|
| कर्णाली | | ↓ | ↑ |
| सुदूरपश्चिमी पहाडी तथा हिमाली क्षेत्र | | ↑ | → |
| राप्ती-भेरी पहाडी क्षेत्र | | ↑ | ↓ |
| पश्चिमी तराई | | → | → |
| मध्य र पूर्वी तराई | | → | → |
| पश्चिमी पहाडी तथा हिमाली क्षेत्र | | ↓ | ↑ |
| मध्य पहाडी तथा हिमाली क्षेत्र | | ↓ | ↑ |
| पूर्वी पहाडी तथा हिमाली क्षेत्र | | ↓ | ↑ |

- न्यूनतम खाद्य असुरक्षित
- मध्यमस्तरीय खाद्य असुरक्षित
- उच्चतम खाद्य असुरक्षित
- गम्भिर खाद्य असुरक्षित
- मानवीय आपतकालीन अवस्था

**परिवर्तन/पूर्वानुमान**

- ↓ बिग्रने
- → यथावत रहने
- ↑ सुधार हुने


यस प्रतिवेदन अवधिमा २०७१ को मंसिर देखि चैत्र सम्मको अवधिको तुलनामा खाद्य सुरक्षा अवस्था उल्लेख्य रुपमा बिग्रेको छ, मुख्यतया मध्य, पूर्व र पश्चिमी क्षेत्रका जिल्लाहरु जहाँ बैशाख महिनामा आएको भूकम्प र त्यसपछिका लगातारका कम्पनहरुले अती नै प्रभावित रहे । यस बाहेक, मध्य पश्चिमाञ्चल क्षेत्रको डोल्पा जिल्लाको सम्पूर्ण गा.वि.स हरु र हुम्ला र मुगुको १४ गा.वि.स हरु मध्यम स्तरीय खाद्य असुरक्षित (चरण-२) अवस्थामा रहेको पाइयो । हालसालै भित्रयाइएको हिउँदे वाली र राहत सहयोगका कारण सुर्खेत जिल्लाको  बाढी प्रभावित ६ गा.वि.स हरु र मुगुको असिना प्रभावित २ गा.वि.स हरुको खाद्य सुरक्षा अवस्थामा भने सुधार आइ चरण (२) अवस्थामा आएको पाइयो । सुदूर पश्चिमाञ्चल क्षेत्र अन्तर्गत, बझाङ्ग जिल्लाको २ गा.वि.स हरुलाई मध्यम स्तरीय खाद्य असुरक्षित (चरण-२) अवस्थामा वर्गिकरण गरिएको छ ।

आगामी चार महिनाको अवधि (श्रावण देखि कार्तिक २०७२) मा, जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले प्रक्षेपण गरे अनुसार रामेछापको ९ गा.वि.स हरु र दोलखाको ११ गा.वि.स हरु गम्भिर खाद्य असुरक्षित (चरण-४) अवस्थामा पुग्ने अनुमान गरिएको छ र ९ जिल्ला (गोरखा, सिन्धुपाल्चोक, धादिङ्ग, मकवानपुर, सिन्धुली, दोलखा, रामेछाप, रसुवा र दैलेख) का १३२ गा.वि.स हरु उच्चतम खाद्य असुरक्षित (चरण-३) अवस्थामा पुग्ने अनुमान गरिएको छ । जिल्ला खाद्य सुरक्षा सञ्जालका अनुसार १५ जिल्लाका २५९ गा.वि.स हरु मध्यम स्तरीय खाद्य असुरक्षित (चरण-२) अवस्थामा रहने अनुमान गरिएको छ ।

नेपाल खाद्य सुरक्षा बुलेटिन कृषि विकास मन्त्रालय, खाद्य सुरक्षा अनुगमन इकाई र विश्व खाद्य कार्यक्रम, खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण इकाईको संयुक्त तत्वावधानमा प्रकाशित हुन्छ ।

## नक्सा १: खाद्य सुरक्षा चरण वर्गिकरण नक्सा, चैत्र २०७१ देखि आषाढ २०७२


स्रोत: NeKSAP जिल्ला खाद्य सुरक्षा सञ्जालहरु




*खाद्य सुरक्षा नक्साहरु NeKSAP को वेबसाइटमा उपलब्ध छन्:* www.neksap.org.np/food-security-phase-classification-maps

*खाद्य सुरक्षा चरण वर्गिकरण नक्सा*

चित्र २: भूकम्प प्रभावित जिल्लाहरुको खाद्य सुरक्षा चरण वर्गीकरण * श्रावण २०७२ (स्रोत: NeKSAP जिल्ला खाद्य सुरक्षा सञ्जाल, श्रावण २०७२)





* नोट: १२ वटा भूकम्प प्रभावित जिल्लाहरुमा खाद्य सुरक्षा सञ्जालको बैठक २३ आषाढ देखि १३ श्रावण सम्म सञ्चालन भएको थियो ।

# नेपाल खाद्य सुरक्षा बुलेटिन - अंक ४५

*खाद्य सुरक्षा चरण वर्गिकरण नक्सा*

चित्र ३: भूकम्प प्रभावित जिल्लाहरुको खाद्य सुरक्षा चरण वर्गीकरण * ज्येष्ठ २०७२ (स्रोत: NeKSAP जिल्ला खाद्य सुरक्षा सञ्जालको तदर्थ बैठक, ज्येष्ठ २०७२)




* नोट: ११ वटा भूकम्प प्रभावित जिल्लाहरुमा खाद्य सुरक्षा सञ्जालको तदर्थ बैठक मिति २५ बैशाख– ६ ज्येष्ठ २०७२ सम्म र सोलुखुम्बुमा २१ ज्येष्ठ २०७२ मा सञ्चालन गरिएको थियो ।


# नेपाल खाद्य सुरक्षा बुलेटिन - अंक ४५

*खाद्य सुरक्षा अवस्थाको व्यापकता*





**जिल्ला खाद्य सुरक्षा सञ्जालको तदर्थ बैठक (ज्येष्ठ २०७२):** वैशाख १२ गतेको भूकम्प पश्चात, नेपाल खाद्य सुरक्षा अनुगमन प्रणालीले तत्कालै मुख्य प्रभावित जिल्लाहरुमा जिल्ला खाद्य सुरक्षा सञ्जाललाई सकृय गराई भूकम्पको असर मूल्यांकन गर्न जिल्ला खाद्य सुरक्षा सञ्जाल तदर्थ बैठक संचालन गरयो । कृषि विकास मन्त्रालय र विश्व खाद्य कार्यक्रमको तत्वावधानमा उक्त बैठकहरु वैशाख २५ देखि जेठ ६ र जेठ २१ गते सम्म गोरखा, सिन्धुपाल्चोक, धादिङ्ग, मकवानपुर, ओखलढुङ्गा, सोलुखुम्बु, रामेछाप, सिन्धुली, दोलखा, काभ्रे, रसुवा र नुवाकोटमा सञ्चालन गरियो । जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले ८० गा.वि.स हरुलाई गम्भिर खाद्य असुरक्षित (चरण-४), २९२ गा.वि.स हरुलाई उच्चतम खाद्य असुरक्षित (चरण-३), १८३ गा.वि.स लाई मध्यम खाद्य असुरक्षित (चरण-२) र १०६ गा.वि.स हरुलाइ न्यूनतम खाद्य असुरक्षित (चरण-१) अवस्थामा वर्गिकरण गरे । नेपाल खाद्य सुरक्षा अनुगमन प्रणालीले ती जिल्लाहरुमा बजार सर्वेक्षणका लागि पनि सहयोग गरयो । सर्वेक्षणबाट प्राप्त नतिजाहरु "२०७२ को भूकम्पले खाद्य सुरक्षामा पारेको प्रभाव सम्बन्धि एक प्रतिवेदन" मा प्रकाशित गरिएको छ जो नेपाल खाद्य सुरक्षा सञ्जालको वेब साइटमा हेर्न सकिन्छ ।




*नोटः नेपाल सरकारले गोरखा, धादिङ्ग, रसुवा, नुवाकोट, सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लाहरुलाई सबैभन्दा बढी प्रभावित, मकवानपुर, सिन्धुली, ओखलढुङ्गा, ललितपुर, भक्तपुर र काठमाण्डौ जिल्लाहरुलाई बढी प्रभावित र सोलुखुम्बु, खोटाङ्ग, लमजुङ, तनहूँ र चितवन जिल्लाहरुलाई क्षति सहित प्रभावित समूहमा वर्गिकृत गरेको छ (नेपाल भूकम्प २०१५: विपद पछिको आवश्यकता आंकलन) ।

**वर्तमान खाद्य असुरक्षित क्षेत्रहरु (आषाढ २०७२)** : जिल्ला खाद्य सुरक्षा सञ्जालका अनुसार ११ जिल्लाका २३४ गा.वि.स हरुलाई उच्चतम र गम्भिर खाद्य असुरक्षित अवस्थामा वर्गिकरण गरिएको छ र जसमा करीब ५२९,००० मानिसहरु प्रभावित भएको अनुमान गरिएको छ । जिल्ला अनुसार खाद्य असुरक्षित गा.वि.स हरु र प्रभावित जनसंख्या **तालिका १** मा हेर्न सकिन्छ ।

जिल्ला खाद्य सुरक्षा सञ्जाल सिन्धुपाल्चोकले १० गा.वि.स हरु बरुवा, भोताङ्ग, गुम्बा, गोल्छे, तातोपानी, लिस्ती, फुल्पिङ्गकट्टि, मारमिङ्ग, गाती र घोरथली लाई गम्भिर खाद्य असुरक्षित (चरण-४) अवस्थामा वर्गिकरण गरेको छ, जसमा २८,७०० मानिसहरु प्रभावित भएको अनुमान गरिएको छ । चरण ४ यस्तो अवस्था हो जसमा घरधुरीले जीवनयापनका साधनहरु नगुमाइ खाद्य तथा गैर खाद्य वस्तुहरु प्राप्त गर्न सक्दैनन र त्यसकारणले उनीहरु लाई तत्काल सहायताको आवश्यकता पर्दछ । जिल्ला खाद्य सुरक्षा सञ्जालका अनुसार, भूकम्पले ३,५३२ मानिसहरु का ज्यान लिनुका साथै ६७,३८३ घरहरु ध्वस्त पारेको थियो । जिल्ला खाद्य सुरक्षा सञ्जालका अनुसार जिल्लामा ६० प्रतिशत घरधुरीको ९० प्रतिशत खाद्यान्न संचय नष्ट भएको थियो ।

यसबाहेक, जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले ११ जिल्लाका २२४ गा.वि.सहरु, जसमा सिन्धुपाल्चोक (४५), नुवाकोट (१३), रसुवा (१), काभ्रेपलाञ्चोक (३६), दोलखा (११), रामेछाप (३४), सिन्धुली (२५), धादिङ्ग (५), सोलुखुम्बु (२१), ओखलढुङ्गा (१३) र गोरखा (२०) लाई उच्चतम खाद्य असुरक्षित (चरण-३) अवस्थामा वर्गिकरण गरेका छन् र जहाँ अनुमानित ५००,३०० मानिसहरु प्रभावित भएको जनाएका छन् । चरण ३ त्यस्तो अवस्था हो जसमा सामान्य अवस्थाको भन्दा खाद्य उपभोग अभाव उच्च हुन्छ र घरधुरीहरुले न्यूनतम खाद्य वस्तुको आवश्यकता परिपूर्ती गर्नका लागि जीवनयापनका साधनहरु द्रुततर गतिमा नगुमाइ प्राप्त गर्न सक्दैनन्।

| जिल्ला | गम्भिर खाद्य असुरक्षित | | उच्चतम खाद्य असुरक्षित | | अनुमानित प्रभावित जनसंख्या |
|---|---|---|---|---|---|
| | गा.वि.स हरु | जनसंख्या | गा.वि.स हरु | जनसंख्या | |
| धादिङ्ग | 0 | 0 | ५ | १६,५०० | १६,५०० |
| दोलखा | 0 | 0 | ११ | १८,१०० | १८,१०० |
| गोरखा | 0 | 0 | २० | ४७,३०० | ४७,३०० |
| काभ्रेपलाञ्चोक | 0 | 0 | ३६ | ७४,८०० | ७४,८०० |
| नुवाकोट | 0 | 0 | १३ | ३३,६०० | ३३,६०० |
| ओखलढुङ्गा | 0 | 0 | १३ | २७,१०० | २७,१०० |
| रामेछाप | 0 | 0 | ३४ | ७५,९०० | ७५,९०० |
| रसुवा | 0 | 0 | १ | ४०० | ४०० |
| सिन्धुली | 0 | 0 | २५ | ५७,८०० | ५७,८०० |
| सिन्धुपाल्चोक | १० | २८,७०० | ४५ | ११३,४०० | १४२,१०० |
| सोलुखुम्बु | 0 | 0 | २१ | ३५,४०० | ३५,४०० |
| **जम्मा** | **१०** | **२८,७००** | **२२४** | **५००,३००** | **५२९,०००** |

तालिका १: खाद्य असुरक्षित गा.वि.स.हरु र प्रभावित जनसंख्या (स्रोत: जिल्ला खाद्य सुरक्षा सञ्जाल)

जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले अन्य २३ जिल्लाका ३२९ गा.वि.स हरु लाई मध्यमस्तरिय खाद्य असुरक्षित (चरण-२) अवस्थामा वर्गिकरण गरेका छन्, जहाँ घरधुरीले न्यूनतम आवश्यकीय खाद्यान्न उपलब्ध गर्नका लागि परम्परागत निर्वाह पद्दती अपनाउनुपर्दछ तर केही आवश्यकीय गैर खाद्य सामाग्री प्राप्त गर्नका लागि भने घरधुरीहरुले पछि परिपूर्ती गर्न नसकिने खालका निर्वाह पद्दतीहरु अपनाउन पर्ने हुन्छ । जिल्ला अनुसार मध्यमस्तरीय खाद्य असुरक्षित गा.वि.स हरुको संख्या निम्न अनुसार रहेको छ: रसुवा (५), सिन्धुपाल्चोकको (२४), नुवाकोट (२७), काभ्रेपलाञ्चोक (१८), दोलखा (२३), रामेछाप (२०), सिन्धुली (२९), धादिङ्ग (११), मकवानपुर (८), सोलुखुम्बु (१३), ओखलढुङ्गा (१९), चितवन (५), खोटाङ्ग (२३), ताप्लेजुङ्ग (१५), संखुवासभा (११), गोरखा (१७), बझाङ्ग (२), जाजरकोट (७), दैलेख (९), सुर्खेत (६), डोल्पा (२३), मुगु (९) र हुम्ला (५)।

नेपालको भौगोलिक अवस्था अनुसार खाद्य असुरक्षित क्षेत्रहरु **नक्शा १** मा हेर्न सकिन्छ र भूकम्प प्रभावित जिल्लाहरुको खाद्य सुरक्षाको अवस्थालाई **नक्शा २** मा प्रस्तुत गरिएको छ ।

**वैशाख पछिका परिवर्तनहरु** : उल्लेखनीय कुरो के छ भने भूकम्प प्रभावित जिल्लाहरुमा ज्येष्ठ महिनामा भएको जिल्ला खाद्य सुरक्षा सञ्जालको तदर्थ बैठक पछिको अवस्थाको तुलनामा हाल आएर खाद्य सुरक्षा अवस्थामा सुधार आएको छ , विशेष गरी रसुवा, नुवाकोट र मकवानपुर जिल्लामा प्रत्यक्ष सुधार आएको देखिन्छ । यसको प्रमुख कारणमा मानवीय सहायता, हिउँदे वाली (गहुँ र आलु) उत्पादन, बजारको सञ्चालन र सडकमा पँहुच राम्रो भएका कारणले हो । यद्दपी, जिल्ला खाद्य सुरक्षा सञ्जाल सिन्धुलीले अवस्था बिग्रदै गएको रिपोर्ट गरेको छ भने सोलुखुम्बुमा अवस्था पहिले जस्तै रहेको जनाएको छ ।

समग्रमा, भूकम्प प्रभावित जिल्लाहरुमा गम्भिर खाद्य असुरक्षित (चरण-४) र उच्चतम खाद्य असुरक्षित (चरण-३) गा.वि.स.हरुको संख्या ज्येष्ठ महिनाको तुलनामा क्रमश ७० र ६९ ले घटेको छ भने मध्यमस्तरीय खाद्य असुरक्षित (चरण-२) र न्यूनतम खाद्य असुरक्षित (चरण-१) गा.वि.स हरुको संख्या भने क्रमश ३० र १०८ ले बढेको छ ।

तुलनाको लागि **चित्र नं. ३** हेर्नुहोला जसमा भूकम्प प्रभावित जिल्लाहरुको ज्येष्ठ २०७२ अवधिको खाद्य सुरक्षा अवस्था प्रस्तुत गरिएको छ ।



# नेपाल खाद्य सुरक्षा बुलेटिन- अंक ४५


## *खाद्य उपलब्धता र पहुँच*



**उपलब्धता:** यस अवधिमा हिउँदे वालीहरु (गँहु र जौ) भित्रयाइ सकिएको छ र कृषि विकास मन्त्रालयको अनुमान अनुसार हिउँदे वालीको उत्पादन २० लाख मे.ट. भएको छ, जो सामान्य अवस्थाको तुलनामा १०.८६ प्रतिशत बृद्धि र ०७०/०७१ को तुलनामा ४.९५ प्रतिशतको बृद्धि हो । गँहुको उत्पादन १९ लाख ७० हजार मे.ट भएको छ जो गत बर्षको तुलनामा ४.९ प्रतीशतले बृद्धि हो । भूकम्पको अधिकतम प्रभाव रहेका १४ जिल्लाहरुले गहुँ वालीको ८.३ प्रतिशत क्षेत्रफल ओगटेका छन र कूल गहुँ उत्पादनमा ती जिल्लाहरुले ७.६ प्रतिशत योगदान पुरयाउँदछन् ।

भूकम्पको एउटा प्रमुख तथा तत्काल खाद्य सुरक्षामा परेको असर भनेको भण्डारण गरिएको खाद्यान्नको अधिकतम नोक्सानी रहेको छ : कृषि विकास मन्त्रालयका अनुसार घरहरु भत्किएकोले गर्दा करीब १३५,००० मे.ट नोक्सानी भएको छ (ज्ञातब्य रहोस् यसमा खडा वालीहरुमा भएको क्षति पनि समावेश छ, यद्पी उक्त क्षति न्यून मात्र रहेको थियो) ।

आषाढ देखि श्रावण सम्मको अवधि नेपालमा धान खेती लगाउने उपयुक्त समय मानिन्छ । यो बर्ष कम बर्षाका कारण धेरैजसो ठाउँहरुमा धान रोपाईमा ढिलाइ भएको छ । कृषि विकास मन्त्रालयका अनुसार श्रावण अन्तिम सम्ममा धान रोपाई ७४ प्रतिशत मात्रै पुगेको थियो । मध्यमाञ्चलका धेरै जिल्लाहरुको अवस्था अझै खराब रहयो जहाँ श्रावण सम्ममा ५६ प्रतिशत मात्रै धान रोपाई भएको थियो ।




नक्शा ४: मकै बालीको अवस्था, श्रावण- कार्तिक २०७१ (स्रोत: जि. खा. स. स.)

नेपालमा मकै दोस्रो महत्वपूर्ण वाली मानिन्छ । जिल्ला खाद्य सुरक्षा सञ्जालका अनुसार केही जिल्लाहरुमा मकै वाली खडेरी र रोग किराहरु (फौजी किरा) का कारण पनि प्रभावित भएको थियो । जिल्ला खाद्य सुरक्षा सञ्जालको प्रक्षेपण अनुसार मध्य पहाडका जिल्लाहरु र अन्य जिल्लाहरु जस्तै जाजरकोट, गोरखा, सोलुखुम्बु, खोटाङ्ग, ओखलढुङ्गा, र ताप्लेजुङ्गमा मकैको उत्पादन १५ प्रतिशतले घट्ने अनुमान छ ।


जिल्ला खाद्य सुरक्षा सञ्जालका अनुसार **नक्शा ४** मा मकै उत्पादनको अवस्था देखाइएको छ। समग्रमा हेर्दा २०७२ को बर्षे वालीको उत्पादन स्थिती त्यति आशा लाग्दो देखिदैन ।

**घरधुरीको आम्दानी:** नेपाल राष्ट्र बैंकका अनुसार आर्थिक वर्ष २०७१/०७२ मा बार्षिक विप्रेषण ने रु. ६ खरब १७ अरब २८ करोड रहयो भने आर्थिक बर्षको अन्तिम चौमासिक मा विप्रेषण रु.२ खरब ४६ अरब २८ करोड रहयो । अन्तिम चौमासिक अवधिमा प्राप्त विप्रेषण बार्षिक रुपमा प्राप्त भएको रकमको ४० प्रतिशत रहयो । नेपाल राष्ट्र बैंकका अनुसार भूकम्प पश्चात पछिल्लो चौमासिक अवधिमा घरधुरीहरुले प्राप्त गरेको विप्रेषणको बृद्धि संगै घरधुरीको खर्चमा पनि बृद्धि भएको छ, जस्तो कि बैशाख देखि ज्येष्ठ र ज्येष्ठ देखि आषाढ सम्मको अवधिको सालवसाली विप्रेषण बृद्धि दर ३५ प्रतिशत भएको देखियो । यो अनुमान औपचारिक माध्यमबाट प्राप्त हुने विप्रेषणलाई आधार मानेर तयार गरिएको छ, यसले अनौपचारिक माध्यमबाट प्राप्त हुने विप्रेषणलाई प्रतिविम्वित गर्दैन, जस्तै : आफै बोकेर ल्याईने विप्रेषण, जो मध्य र सुदूर पश्चिममा आम रुपमा रहेको छ, विशेषत : बैशाखमा जब भारत गएकाहरु बर्षे वाली लगाउन घर फर्किन्छन तीनिहरु साथमै पैसा बोकेर आउने गर्दछन् ।


यस अवधिमा कृषि र पशुजन्य बस्तुहरुबाट हुने आम्दानी पनि उच्च रहयो, विशेष गरी मध्य तराईमा (३० अरब रुपैया), पूर्वी तराईमा (१३ अरब रुपैया), र पश्चिमी पहाडी र हिमाली क्षेत्रमा (१० अरब रुपैया) रहयो । भूकम्प प्रभावित मध्य पहाडी र हिमाली जिल्लाहरुमा कृषि र पशुजन्य बस्तुहरुबाट हुने आम्दानीमा प्रत्यक्ष रुपले प्रभाव पारेको छ । यद्पी केही क्षेत्रहरुमा उत्पादन क्षेत्रबाट हुने आम्दानी पनि सुधारु हुन थालेको छ, तर यो अवस्था सामान्यतया चरण ३ र ४ मा वर्गिकरणमा परेका गा.वि.स हरुमा छैन । सरकारी तथा गैर सरकारी तहबाट संचालित् विकासे कार्यक्रमहरुले पनि भूकम्प प्रभावित जिल्लाहरु र मध्य पश्चिम र सुदूर पश्चिमका पहाडी र हिमाली जिल्लाहरुमा घरधुरीहरुको खाद्य सुरक्षा र आयमा योगदान पुरयाएको छ । उदाहरणका लागि : विश्व खाद्य कार्यक्रमको कामका लागि रकम कार्यक्रम मार्फत मकवानपुर र सिन्धुलीका ९,४७२ घरधुरीले ने.रु.६ करोड ९६ लाख ५० हजार प्राप्त गरे ।

**खाद्यान्न मूल्य र बजारहरु: चित्र १** मा प्रस्तुत गरे अनुसार वार्षिक उपभोक्ता मूल्य सूचकाङ्क [Consumer Price Index (CPI)] आषाढ २०७१ मा ८.१ प्रतिशतको तुलनामा आषाढ २०७२ मा ७.६ प्रतिशत रहयो । खाद्य तथा पेय पदार्थको सूचकाङ्क गत वर्ष २०७१ को ११.१ प्रतिशतको तुलनामा ९.२ प्रतिशत रहयो । खाद्यान्न समूहको भने आषाढ २०७२ मा तुलनात्मक रुपमा उच्च बृद्धि भै १२.६ प्रतिशत रहेको पाइयो, तर तरकारी उप समूहको भने घट्दो परिवर्तन संगै -८.५ प्रतिशत रहेको पाइयो । **चित्र २** मा बैशाख देखि आषाढ २०७१, पौष देखि चैत्र २०७१, र बैशाख देखि आषाढ २०७२ सम्मको आलु र अन्य वस्तुको खुद्रा मूल्यको तुलना प्रस्तुत गरिएको छ । पौष देखि चैत्र २०७१ को तुलना गर्दा मोटा चामलको मूल्य १.८ प्रतिशतले बृद्धि भएको छ, गहुँको पिठो र रातो आलुको मूल्य क्रमश १.३ र १८.६ प्रतिशतले तल झरेको छ । रातो आलुको सन्दर्भमा भने मौसम अनुसार परिवर्तन हुने गर्छ ।

**ज्यालादारी रोजगारहरुको खाद्यान्न क्रयशक्ति:** यहाँ अदक्ष ज्यालादारी मजदुरहरुको दैनिक ज्यालादर र मोटा चामलको बैशाख देखि आषाढ २०७२ सम्मको मूल्य लाई घरधुरीको क्रय शक्तिको क्षमता आकंलन गर्ने सूचकको रुपमा प्रयोग गरिएको छ । यसप्रकार अदक्ष मजदुरहरुको दैनिक ज्यालादर र मोटा चामलको मूल्यको औषत अनुपात ९.१ रहेको पाइयो, जुन पहाडमा उच्च (१०.२) र तराइमा (८.७) र हिमाली भेगमा (८.५) करिब उस्तै उस्तै रहेको पाइयो । हिमाली भेगमा ज्यालादर उच्च रहे पनि मोटा चामलको भाउ धेरै हुने हुँदा ज्यालादर र मोटा चामलको अनुपात दर कम हुन्छ । हिमाली भेगका मजदुरहरुले पहाडको भन्दा औसतमा मोटा चामलको मूल्य १८ प्रतिशत बढी र तराइको भन्दा १.७ प्रतिशत बढि तिर्नु पर्दछ ।




चित्र १: वार्षिक स्फीतिदर (स्रोत: नेपाल राष्ट्र बैंक)




चित्र २: मुख्य खाद्य बस्तुहरु र आलुको खुद्रा मूल्य (स्रोत: कृषि विकास मन्त्रालय)

[1] नेपाल राष्ट्र बैंक, नेपालको हालको समग्र आर्थिक अवस्था (२०७०/७१ को बार्षिक तथ्यांकमा आधारित) ।

[2] https://www.humanitarianresponse.info/en/operations/nepal/document/150724-assessment-unit-migrants-and-remittances


# नेपाल खाद्य सुरक्षा बुलेटिन- अंक ४५

## *उपभोग, स्थिरता र खाद्य सुरक्षा पूर्वानुमान*

**उपयोगः** खानेपानी तथा सरसफाई क्षेत्र (WASH Cluster) को अनुमान अनुसार भूकम्प प्रभावित १४ जिल्लाहरुमा ११ लाख मानिसहरुले सुरक्षित खानेपानीको स्रोतमा पहुँच पाएका छैनन् र सोही संख्याका मानिसहरुले सुविधायुक्त सरसफाई सेवामा सम्मानजनक पहुँच पाएका छैनन् । विशेषत भूकम्पका कारण, १,५७० खानेपानी सञ्चालन प्रणालीमा ठूलो क्षती भएको र ३,६६३ मा आंशिक क्षती भएको तथा २२०,००० चर्पीहरु क्षती भै प्रयोग गर्न नमिल्ने भएको थियो । UNICEF ले बैशाखमा गरेको सर्वेक्षण अनुसार ७०,००० बालबालिकाहरु कुपोषणको जोखिममा रहेका, १५,००० बालबालिकाहरुलाई उपचारात्मक खुवाई (therapeutric feeding ) को आवश्यकता भएको र ५५,००० बालबालिकाहरु मध्यम तीव्र कुपोषणका (moderate acute malnutrition) जोखिममा रहेका थिए । अतः भूकम्प प्रभावित जिल्लाहरुमा खाद्यान्न उपयोग र पोषण एक चुनौतीको रुपमा रहेको स्पष्ट छ । भूकम्प प्रभावित जिल्लाहरुमा बाहेक जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले अन्य जिल्लाहरुमा स्वास्थ्य र सरसफाइले खाद्य सुरक्षाको अवस्थामा खासै असर पारेको कुरा रिपोर्ट गरेका छैनन् ।

**स्थिरताः** राष्ट्रिय आपतकालिन कार्य संचालन केन्द्र (NEOC) का अनुसार, भूकम्प र त्यसपछिका झट्काहरुले ८,८५७ मानिसहरुको ज्यान लियो र २२,५७९ घाइते भए र लगभग ९००,००० घरहरुमा क्षती पुग्यो वा ध्वस्त भए । मध्य, पुर्वी र पश्चिमी क्षेत्रका पहाडी र हिमाली जिल्लाहरुका धेरैजसो गा.वि.स हरुमा जीविकोपार्जन र खाद्य सुरक्षा को अवस्थामा यसले ठूलो प्रभाव पारयो, ती गा.वि.स हरु पहिला न्यूनतम खाद्य असुरक्षित अवस्थामा मात्रै थिए । प्रभावित घरधुरीहरुको सम्पत्ती तथा जीविकोपार्जनको साधन ध्वस्त भयो, कतिपय विस्थापित भए भने कतिपय अस्थाइ शिविरमा बस्न बाध्य भए । यी क्षेत्रहरुमा खाद्य प्रणाली जस्तै उत्पादन लगायत, वितरण र बजारमा प्रतिकूल असर परेको छ जस्ले स्थिर अवस्थामा पूनर्स्थापना हुने क्षमतामा ह्रास आएको छ ।

अन्य जिल्लाहरुले जलवायुसंग सम्बन्धित प्रकोपको घटनाहरु व्यहोर्नु परयो । उदाहरणका लागि, बर्षामा पहिरोले गर्दा ताप्लेजुङ्गमा ५९ जना मानिसको ज्यान गयो भने ४५२ घर हरु र ७९ हे. अलैची खेती क्षतीग्रस्त भयो । खोटाङ्ग, जाजरकोट र इलाममा पनि पहिरोले सिंचाइ कुलो, वालीहरु र पशुहरुलाई क्षती पुरयायो । संखुवासभामा पहिरोले १०० घरहरु बगायो भने १० गा.वि.स हरु भविष्यमा हुने पहिरोको उच्चतम जोखिमयुक्त अवस्थामा रहेका छन् ।




नक्सा ५: बर्षाको अवस्था, श्रावण- कार्तिक २०७० (स्रोत: जिल्ला खाद्य सुरक्षा सञ्जाल)

जल तथा मौसम विभागका अनुसार नेपालमा मनसुन ज्येष्ठ ३० गते, अनुमान गरिए भन्दा ३ दिन ढिला गरी आयो । मनसुन शुरुमा एकदमै कम भएको र यसले धान रोपाइमा प्रत्यक्ष असर पारेको छ । **नक्सा ५** मा जिल्ला खाद्य सुरक्षा सञ्जालले रिपोर्ट गरे अनुसार बर्षे वालीहरुको लागि बर्षातको प्रयाप्ततालाई देखाउँछ । धेरैजसो धान र मकै उत्पादन हुने जिल्लाहरुमा बर्षात पर्याप्त नभएको रिपार्ट छ ।

## खाद्य सुरक्षा पूर्वानुमान (श्रावण-कार्तिक २०७२)

आउँदो चार महिनाको (श्रावणदेखि कार्तिक २०७२) को अवधिमा, नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली, जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले वर्तमान अवस्था तथा सम्भावित परिदृश्यका आधारमा खाद्य सुरक्षा अवस्थामा सुधार आई मध्यम स्तरीय खाद्य असुरक्षित (चरण २) वा सो भन्दा खराब अवस्थामा रहने गा.वि.स. हरुको संख्या ५५४ बाट ४११ मा झर्ने अनुमान गरेका छन् ।

**मध्य पहाडी र हिमाली क्षेत्र :** यी क्षेत्रमा खाद्य सुरक्षा अवस्थामा सुधार हुने अनुमान छ : खाद्य असुरक्षित (चरण २) वा सो भन्दा खराब अवस्थामा रहेका गा.वि.स हरु हालको ३४५ बाट घटेर २८० मा झर्ने अनुमान छ । यद्दपी, रामेछाप र दोलखामा भने जिल्ला खाद्य सुरक्षा सञ्जालको अनुमान अनुसार खाद्य सुरक्षा अवस्था खस्कन गै रामेछापको ९ गा.वि.स हरु (गुम्देल, चुचुरे, थोसे, बाम्टिभण्डार, गुप्तेश्वर, दुरागाउ, भुजी, लखनपुर, र हिमगंगा) र दोलखाको ११ गा.वि.स हरु (गौरीशंकर, लामाबगर, चंखु, मार्बु, ओराङ्ग, बिगु, आलाम्पु, कालिञ्चोक, खोपाचागुं, चिलङ्खा, र खारे) गम्भिर खाद्य असुरक्षित चरण (चरण ४) मा जान सक्नेछ । जिल्ला खाद्य सुरक्षा सञ्जालका अनुसार भूकम्पका कारण जीविकोपार्जन र खाद्य सुरक्षा अवस्थामा पर्न गएको असर, मनसुनी पहिरो, सडक अबरोध, रोग किराको प्रकोपले उत्पादनमा आउन सक्ने ह्रास, र भूकम्प पछिको पूनर्स्थापना कार्यक्रममा आउने सीमितताले गर्दा झन खराब हुने सम्भावना छ । यसप्रकार ७ जिल्लाका अन्य १०३ गा.वि.स हरु सिन्धुपाल्चोकमा ३६, धादिङ्गमा ५, मकवानपुरमा ८, सिन्धुलीमा ८, दोलखामा १३, रामेछापमा २५ र रसुवामा ८ गरी यी गा.वि.स हरु उच्चतम खाद्य असुरक्षित (चरण ३) अवस्थामा जान सक्ने र ७ जिल्लाका १५७ गा.वि.स हरु जस्तै नुवाकोटमा १३, काभ्रेपलाञ्चोकमा ३६, सिन्धुपाल्चोकमा ४३, धादिङ्गमा २४, सिन्धुलीमा २६, दोलखामा १० र रसुवामा ५ मध्यम स्तरीय खाद्य असुरक्षित (चरण २) अवस्थामा वर्गिकरण हुन सक्नेछन् । बैशाखमा आएको भूकम्प र त्यसपछि लगातारको कम्पनले मकैमा आउन सक्ने ह्रास, मनसुनका कारण ढुवानीमा पर्ने असर, र भूकम्प प्रभावित परिवारहरुको सहयोगका लागि संचालन हुने विकासे कार्यक्रमको सीमितताले गर्दा माथि उल्लेखित गा.वि.स हरु या त मध्यमस्तरीय खाद्य असुरक्षित (चरण २) वा सो भन्दा खराब अवस्थामा जान सक्ने अनुमान गरिएको हो ।

**पश्चिमी पहाडी र हिमाली क्षेत्र :** गोरखा, जहाँ जिल्ला खाद्य सुरक्षा सञ्जालले श्रावण देखि कार्तिक सम्मको अवधिमा २० गा.वि.स हरुलाई उच्चतम खाद्य असुरक्षित (चरण ३) अवस्थामा वर्गिकृत हुन सक्ने अनुमान गरेको छ यस बाहेक बाँकी रहेका क्षेत्रहरु न्यूनतम खाद्य असुरक्षित (चरण १) अवस्थामा वर्गिकरण हुन सक्ने अनुमान छ ।

**पुर्वी पहाडी र हिमाली क्षेत्र :** यो क्षेत्रमा, भूकम्प प्रभावित दुई जिल्लाहरु ओखलढुङ्गा र सोलुखुम्बु मा खाद्य सुरक्षा अवस्थामा सुधार आउने अपेक्षा गरिएको छ । जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले हरेक जिल्लाको १३ गा.वि.स हरु मात्र मध्यम खाद्य असुरक्षित (चरण २) अवस्थामा वर्गिकरण हुन सक्ने अनुमान गरेका छन् । खासगरी आलु र मकै, उत्पादनबाट घरधुरीको संचयमा हुने बृद्धि, उच्च मूल्य पर्ने वस्तुको बेचबिखनबाट आउने आम्दानी, विप्रेषण र भूकम्प पछिको जीविकोपार्जन पून: स्थापना कार्यक्रमहरुले गर्दा अवस्थामा सुधार आउने आंकलन गरिएको हो । संखुवासभामा खाद्य सुरक्षा अवस्था सुधार हुने र ताप्लेजुङ्ग र खोटाङ्गमा हालको जस्तै रहने अनुमान छ जसमा ३८ गा.वि.स हरु (ताप्लेजुङ्गमा १५ र खोटाङ्गमा २३) लाई मध्यमस्तरीय खाद्य असुरक्षित (चरण २) अवस्थामा रहने अनुमान गरिएकोछ ।

**राप्ती-भेरी क्षेत्रः** यो क्षेत्रको खाद्य सुरक्षा अवस्था खस्कने देखिन्छ, विशेषत : जिल्ला खाद्य सुरक्षा सञ्जालका अनुसार दैलेख जिल्लाको ९ गा.वि.स हरु उच्चतम खाद्य असुरक्षित (चरण ३) अवस्थामा जान सक्नेछन् । यो पूर्वानुमान मुख्यतः हिउँदे वालीको उत्पादनमा ५० देखि ६० प्रतिशत आएको ह्रास र सडक अबरुद्ध हुनाले ग्रामिण क्षेत्रमा ढुवानीमा पर्न सक्ने असरको आधारमा गरिएको छ । हाल मध्यमस्तरीय खाद्य असुरक्षित चरण (चरण २) मा रहेका सुर्खेतका ६ गा.वि.स हरु र जाजरकोटका ७ गा.वि.स हरु सोही अवस्थामा रहने अनुमान गरिएको छ । सुर्खेतमा गत बर्षको बाढीको असरका कारण र जाजरकोटमा अन्नवाली उत्पादनमा आएको ह्रास र बजार पहुँचमा आएको समस्याहरु नै पूर्वानुमानका मुख्य कारणहरु हुन् ।

**कर्णाली क्षेत्रः** अहिलेको अवस्थामा सम्पूर्ण डोल्पा जिल्ला मध्यमस्तरीय खाद्य असुरक्षित (चरण २) अवस्थामा वर्गिकरण भएको छ, तर श्रावण देखि कार्तिकको अवधिमा न्यूनतम खाद्य असुरक्षित अवस्थामा सुधार हुने अनुमान गरिएको छ । हिउँदे र बर्षे वाली भित्रयाइने माथिल्लो डोल्पामा मौसमी बजार खुल्ने र यार्चागुम्बा बाट आम्दानी हुने र घरधुरीहरु को खाद्यान्न सञ्चयमा बृद्धि हुने हुनाले यो पूर्वानुमान गरिएको छ । मुगुमा ९ गा.वि.स हरु चरण २ अवस्थामा रही हालकै अवस्था निरन्तर हुनेछ, हुम्लामा मध्यम स्तरिय खाद्य असुरक्षित गा.वि.स हरुको संख्यामा बृद्धि भई १६ पुग्ने हुनाले अवस्था खस्कने अनुमान गरिएको छ ।

जिल्ला खाद्य सुरक्षा सञ्जालहरुका अनुसार देशका अन्य क्षेत्रहरु न्यूनतम खाद्य असुरक्षित रही चरण १ मा रहने अनुमान गरिएको छ । बर्षे वाली भित्रयाइए पछि अधिकांश घर धुरीहरुमा खाद्य सञ्चिति बृद्धि हुने छ र खाद्य सुरक्षालाई असर पार्ने अन्य तत्वहरु स्थिर रहने अनुमान गरिएको छ । बजारमा पनि माग अनुसारको खाद्य उपलब्धता रहने र मूल्य पनि सामान्य नै रहने अनुमान गरिएको छ । अर्कोतिर दैनिक ज्यालादारीबाट मजदुरहरुको आम्दानी बृद्धि हुने, कृषि र पशुपालनको उत्पादनको बिक्रिबाट आयआर्जनमा योगदान हुने र विप्रेषण मार्फत खाद्य पहुँचमा योगदान हुने अनुमान गरिएको छ । भूकम्प पछिको राहत सहायता कार्यक्रमहरु हाल जीविकोपार्जन पूनर्स्थापना कार्यक्रममा रुपान्तरण भएको छ र यसले प्रभावित जिल्लाहरुको खाद्य सुरक्षा अवस्थाको सुधारमा योगदान पुरयाउनेछ ।

[3] Nepal Earthquake 2015: Post Disaster Needs Assessment, National Planning Commission (NPC), Government of Nepal (GoN)
[4] http://www.unicef.org/media/media_82046.html

# नेपाल खाद्य सुरक्षा बुलेटिन- अंक ४५

*जानकारी एवं जिल्लाका सूचना र सम्पर्कहरु*

## २०७२ को धान वाली उत्पादनको पूर्वानुमान

दक्षिण एशियाको लागि वाली उत्पादनको पूर्वानुमान गर्न Climate Change Agriculture and Food Security (CCAFS) ले विकास गरेको क्षेत्रिय कृषि उत्पादन पूर्वानुमान विधि/ औजार (CCAFS Regional Agriculture Forecasting Tool-CRAFT) प्रयोग गरि २०७२ सालको बर्षे धानवालीको उत्पादन पूर्वानुमान अभ्यास गरिएको थियो । उक्त अभ्यासबाट प्राप्त प्रारम्भिक नतिजा अनुसार यस साल १,०४६,९२८ हेक्टरमा लगाइएको धान वालीबाट करीब ३,१९४,७७४ मे.टन उत्पादन हुने देखिन्छ ।

यो पूर्वानुमान अभ्यासका लागि कृषि विकास मन्त्रालयबाट (श्रावण २० सम्म उपलब्ध सूचना अनुसार) धानवालीको प्राप्त अनुमानित क्षेत्रफल निम्न जातहरुमा अध्ययन गरिएको थियो: हिमालमा जुम्ली मार्सि, पहाडमा खुमल - ४, र तराईमा मन्सुली । खेती गरिएको धानवालीको जात र coefficient नेपाल कृषि अनुसन्धान परिषद (NARC) बाट प्राप्त भएको थियो । बर्षातको तथ्यांक भने जल तथा मौसम विज्ञान विभागको २००९ सम्मको तथ्यांक प्रयोग गरिएको थियो, र २००९ पछिको सम्बन्धमा Rfe2.0 को अनुमान लिइएको थियो ।

यसमा ख्याल गर्नुपर्ने कुरा के छ भने यो प्रारम्भिक अनुमान उपलब्ध, सम्भव भए सम्म, राम्रो तथ्यांकमा आधारित छ र नँया तथ्यांक प्राप्त भएपछि यो अनुमानमा परिवर्तन हुन पनि सक्छ । अत: मौसम सम्बन्धि तथ्यांक र खेती को नँया तथ्यांक प्राप्त भएपछि अनुमानमा परिमार्जन गरिनेछ । परिमार्जित अनुमान NeKSAP को वेब साइटमा उपलब्ध गराइनेछ ।

## जानकारी

- **NeKSAP जिल्लाका खाद्य सुरक्षा सञ्जाल बैठक:** कृषि विकास मन्त्रालय र विश्व खाद्य कार्यक्रमको संयूक्त तत्वाबधानमा श्रावण २०७२ मा ७४ जिल्लामा (७५ मध्ये) जिल्ला खाद्य सुरक्षा सञ्जालको आवधिक बैठक सम्पन्न भयो ।
- **NeKSAP क्षेत्रीय आवधिक बैठक:** कृषि विकास मन्त्रालय र विश्व खाद्य कार्यक्रमको संयुक्त तत्वाबधानमा २०७२ श्रावणमा हरेक विकास क्षेत्रहरुमा NeKSAP क्षेत्रीय आवधिक बैठकहरु सञ्चालन भए । ती बैठकहरु सबै पाँच विकास क्षेत्रहरुमा क्षेत्रिय कृषि निर्देशनालयहरु को नियमित समिक्षा बैठकसंग समायोजन गरी सम्पन्न गरिएको थियो, जहाँ क्षेत्रीय कृषि निर्देशक, बरिष्ठ कृषि विकास अधिकृत र कृषि विकास मन्त्रालय र विभागका प्रतिनिधिहरुको पनि सहभागीता रहेको थियो । आवधिक बैठकमा जिल्ला कृषि विकास कार्यालयहरुका खाद्य सुरक्षा सम्पर्क अधिकारीहरुले सम्बन्धित जिल्लाको चैत्र २०७१ देखि आषाढ २०७२ सम्मको अवधिको खाद्य सुरक्षा अवस्था र आउँदो चौमासिक अवधिको पूर्वानुमान प्रस्तुत गर्नुभएको थियो । क्षेत्रीय कृषि निर्देशनालयहरुबाट पनि सम्बन्धित क्षेत्रको समग्र खाद्य सुरक्षाको अवस्था, समस्या, र चुनौतीको बारेमा प्रस्तुत भएको थियो ।
- **खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण:** खाद्य सुरक्षा प्रतिकार्य विश्लेषणको विधिलाई केहि जिल्लाहरुमा परीक्षण गरिए पश्चात २०७२ श्रावणमा २ वटा जिल्लाहरु (धनुषा र पर्वत) मा कार्यान्वयन गरियो । पौष २०७२ सम्ममा ५० वटा जिल्लाहरुमा खाद्य सुरक्षा प्रतिकार्य योजना कार्यान्वयन गर्ने योजना रहेको छ ।
- **NeKSAP info का बारेमा पुनर्ताजगी तालिम :** NeKSAP सूचना प्रणाली सम्बन्धि पूर्वाञ्चल क्षेत्रका ११ जिल्लाका NeKSAP info सम्पर्क व्यक्तिहरुलाई २०७२ श्रावण २५ देखि २६ गतेसम्म पूनर्ताजगी तालिम सञ्चालन गरियो । तालिम मुख्यतया NeKSAP सफ्टवेरमा NeKSAP सम्बन्धि तथ्यांकहरु राख्ने र नक्शाहरु र अन्य ग्राफहरु बनाउने विषयमा केन्द्रित रहेको थियो ।
- **बजार र मूल्य विश्लेषण तालिम:** विश्व खाद्य कार्यक्रमले २०७२ साउन २२ गते पुर्वाञ्चल क्षेत्रका जिल्ला खाद्य सुरक्षा सञ्जाल सम्पर्क व्यक्तिहरु र कृषि व्यवसाय प्रर्बद्धन तथा बजार विकास निर्देशनालयका जम्मा २४ जना अधिकृतहरु लाई एक दिने बजार र मूल्य विश्लेषण तालिम सञ्चालन गरेको थियो । तालिमले खाद्य सुरक्षा संग सम्बन्धित बजार मूल्य संकलन र विश्लेषणलाई समेटेको थियो ।

## जिल्ला खाद्य सुरक्षा जानकारी

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP) ले हाल नेपालभर ७४ जिल्लाहरुको नियमित अनुगमन गर्दछ । अनुगमनबाट प्राप्त यिनै सूचनाहरुले यस बुलेटिनका लागि सूचना सामाग्री जुटाउँदछ । हरेक जिल्लाको पूर्ण खाद्य सुरक्षा बुलेटिन अनुरोध भएमा अंग्रेजी र नेपालीमा उपलब्ध गराइने छ ।

**समूह १. कर्णाली**
डोल्पा
हुम्ला
जुम्ला
कालिकोट
मुगु

**समूह २. सुदूरपश्चिमी पहाडी तथा हिमाली जिल्लाहरु**
अछाम
बझाङ
बाजुरा
बैतडी
डडेलधुरा
दार्चुला
डोटी

**समूह ३. राप्ती- भेरी पहाडी जिल्लाहरु**
दैलेख
जाजरकोट
प्यूठान
रोल्पा
रुकुम
सल्यान
सुर्खेत

**समूह ४. पश्चिमी तराई**
कञ्चनपुर
कैलाली
बर्दिया
बाँके
दाङ
कपिलवस्तु
रुपन्देही

**समूह ५. मध्य तथा पूर्वी तराई**
नवलपरासी
चितवन
पर्सा
बारा
रौतहट
सर्लाही
महोत्तरी
धनुषा
सप्तरी
सिरहा
सुनसरी
मोरङ्ग
झापा

**समूह ६. पश्चिमीपहाडी तथा हिमाली जिल्लाहरु**
गोरखा
लम्जुङ्ग
तनहुँ
अर्घाखाँची
गुल्मी
पाल्पा
स्याङ्जा
पर्वत
बाग्लुङ
म्याग्दी
मुस्ताङ
मनाङ्ग
कास्की

**समूह ७. मध्यपहाडी तथा हिमाली जिल्लाहरु**
सिन्धुली
रामेछाप
दोलखा
सिन्धुपाल्चोक
काभ्रेपलाञ्चोक
नुवाकोट
रसुवा
मकवानपुर
धादिङ्ग

**समूह ८. पुर्वीपहाडी तथा हिमाली जिल्लाहरु**
ताप्लेजुङ
पाँचथर
संखुवासभा
इलाम
ओखलढुङ्गा
खोटाङ्ग
धनकुटा
उदयपुर
सोलुखुम्बु
भोजपुर
तेह्रथुम

### थप जानकारीका लागि सम्पर्क:

| | | |
|---|---|---|
| खाद्य सुरक्षा अनुगमन इकाई | राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा सचिवालय | खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण इकाई |
| कृषि विकास मन्त्रालय | राष्ट्रिय योजना आयोग | संयुक्त राष्ट्र संघ विश्व खाद्य कार्यक्रम |
| सिंहदरबार, काठमाडौं | सिंहदरबार, काठमाडौं | पो. ब. नं. १०७, चाकुपाट, पाटनढोका, ललितपुर |
| www.moad.gov.np | www.npc.gov.np/new/eng/index.php | www.wfp.org/countries/nepal |

**NeKSAP website:** www.neksap.org.np

**NeKSAP email:** info@neksap.org.np

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

यो प्रकाशन यूरोपियन यूनियनको सहयोगमा तयार पारिएको हो । यस बुलेटिनमा प्रकाशित विचारहरुले युरोपियन युनियनको विचारहरुलाई प्रतिबिम्बित गर्दछ भन्ने कुनै जरुरी छैन ।